जि.प्र.का. सप्तरी द.नं. २२/०४८/०४९, स.नि.हु.का.द.नं. ५/०६४/०६५

# राजविराज दैनिक

वर्ष ३५ अंक १४२ २०८२ साल पुस १९ गते शनिबार (3 Jan 2026 Saturday) मूल्य रु. ५/-

**लागु औषधको दुर्व्यसनबाट टाढा रहौं**

लागूऔषध सेवनले मानिसको शारीरिक र मानसिक स्वास्थ्य बिग्रन्छ, धन सम्पतिको वर्वाद गर्दछ, यसको प्रयोगबाट आफू, परिवार, समाज र राष्ट्रलाई नै अपुरणिय क्षति पुग्ने हुँदा यस्ता पदार्थदेखी टाढा रहौं ।

***Log in : rajbirajdainik.com.np***

*यस अंक भित्र :* २ पृष्ठमा : पाँच वर्षमा अवैध... ३ पृष्ठमा : बैङ्क तथा वित्तीय संस्थाको ... ३ पृष्ठमा :नयाँ वर्षमा एआई प्रभाव,...

## वसपार्कको कार्यबिधी त्रुटिपुर्ण रहेको भन्दै सच्याउन माग



**दैनिक समाचारदाता**
**राजविराज, १८ पुस ।**

राजविराजस्थित नवनिर्मित बसर्पाकको कार्यबिधी त्रुटिपुर्ण रहेको भन्दै माइक्रो यातायात व्यवसायीले सच्याउन माग गरेका छन् ।

माइक्रो राजविराज ट्राभल्स एजेन्सी प्रालिले शुक्रवार एक प्रेस विज्ञप्ती जारी गर्दै सो माग गरेको हो । कार्यबिधी नसच्याएसम्म उक्त बसपार्कबाट सवारी साधन नचलाउने समेत विज्ञप्तिमा उल्लेख छ ।

नेपाल यातायात स्वतन्त्र मजदुर संगठन सप्तरीका जिल्ला इन्चार्ज समेत रहेका माईक्रो ट्राभल्स एजेन्सी प्रालि राजविराजका अध्यक्ष धिरेन्द्र बर्माले प्रेस विज्ञप्ती जारी गर्दै राजविराज नगरपालिकाको स्वामित्वमा रहेको नवनिर्मित वसपार्क संचालन तथा व्यवस्थापनका लागी ल्याइएको

***बाँकी अन्तिम पृष्ठमा***

## कुखुरा फर्ममा आगलागी, सात लाख बराबरको क्षति



**दैनिक समाचारदाता**
**राजविराज, १८ पुस ।**

सप्तरीको छिन्नमस्ता गाउँपालिकास्थित एक कुखुरा फर्ममा शुक्रबार आगलागी हुँदा सातलाख बराबरको क्षति भएको छ ।

सो गाउँपालिका वडा नं. १ बिरपुरटोलस्थित कुखुरा फार्ममा आगलागी हुँदा सो मुल्य बराबरको क्षति भएको हो ।

शुक्रबार विहान ५:३० बजेको समयमा स्थानीय ४० वर्षीय कृष्णदेव यादवले सञ्चालन गरेका राहुल कृष्ण पशुपन्छी कुखुरा फार्ममा विद्युत् करेन्ट सर्ट भई अचानक आगलागी भएको प्रहरीले जनाएको छ ।

आगलागीबाट करिब चार सय कुखुरा, कुखुराको दाना तथा बाँसको टाँटीले बनेको जस्ताको छानो भएको कुखुरा पाल्ने घर पुर्ण रुपमा जलेर नष्ट भएको जिल्ला प्रहरी कार्यालय सप्तरीका प्रहरी नायब उपरीक्षक डम्बर बहादुर पुरीले जानकारी दिए ।

प्रहरी, स्थानिय र मधेश प्रदेश प्रहरी तालिम केन्द्र राजविराजको दमकलको सहयोगमा तीन घण्टा पछि आगो पूर्ण नियन्त्रणमा लिइएको प्रहरीले जनाएको छ ।

## जगन्नाथ रथयात्राको तयारी पुरा




**दैनिक समाचारदाता**
**राजविराज, १८ पुस ।**

विगत केही वर्षदेखी राजविराजमा मनाइदै आइरहेको जगन्नाथ रथयात्रा महोत्वसको तयारी पुरा भएको छ ।

यसैक्रममा शुक्रवार सयौं भक्तजनको सहभागितामा कलश यात्रा निकालिएको छ । कलश यात्रामा सहभागी युवा युवती, बृद्ध,बृद्धा तथा बालबालिकाले हरेरामा, हरेकृष्णा, कृष्णा कृष्णा हरे हरे गीतको धुनमा नाँचगाँन गर्दै नगर परिक्रमा गरेका छन ।

श्री लक्ष्मीनारायण राधा कृष्ण मन्दिरको प्राङ्गनबाट सूरु भएको कलश यात्रा नगर परिक्रमा पश्चात पुनःसोही ठाउँमा पुगी टुङ्गिएको थियो ।

श्रीलक्ष्मी नारायण राधाकृष्ण मन्दिर राजविराजको समन्वय तथा श्रीकृष्ण भक्त मण्डल र इस्कान राजविराजको संयुक्त आयोजनामा पुष १८ देखी पुष २५ सम्म श्रीमद्भागवत कथा सप्ताह ज्ञानमहायज्ञ तथा पुष २६ गते जगन्नाथ रथयात्रा लगायतका धार्मिक कार्यक्रम गरी महोत्वस मनाउन लागिएको हो ।

सप्ताहब्यापी महोत्वस अर्न्तगत पुष १८ देखी पुष २५ सम्म भारत मथुराका प्रंख्यात कथाब्यास रामानुज दासबाट कथा बाचन कार्यक्रम हुने कार्यक्रम रहेको छ ।

यस्तै पुष २६ गते भब्य जगन्नाथ रथयात्रा निकालिने छ । यस्ता धार्मिक आयोजनाले धर्मप्रति आस्था बढाउनुका साथै आपसी सदभाव बढाउने र समाजमा देखिएका विकृती विसंगती न्यूनिकरण गर्न मदत पुऱ्याउने आयोजकको विश्वास छ ।

## मधेशका मुख्यमन्त्रीद्वारा आठवटै जिल्लाका मेसुलाई निर्देशन

**दैनिक समाचारदाता**
**जनकपुर, १८ पुस ।**

मधेस प्रदेशका मुख्यमन्त्री कृष्णप्रसाद यादवले मधेस प्रदेशका आठवटै जिल्लाका मेडिकल सुपरिन्टेन्डेन्ट तथा सम्बन्धित कार्यालय प्रमुखहरूलाई जनताको उपचार आफ्नै जिल्ला वा प्रदेशमै कम खर्चमा, छिटो र छरितो रूपमा हुने व्यवस्था मिलाउन निर्देशन दिएका छन् ।

शुक्रबार मुख्यमन्त्री यादवले कार्यालय प्रमुखहरूको बोलाएर सो निर्देशन दिएका हुन् । उनले स्वास्थ्य सेवा आम नागरिकको आधारभूत अधिकार भएको उल्लेख गर्दै सामान्य उपचारका लागि प्रदेश बाहिर जानुपर्ने बाध्यता अन्त्य गर्नुपर्नेमा जोड दिए ।

मुख्यमन्त्री यादवले अस्पतालहरूको सेवा प्रवाह

***बाँकी अन्तिम पृष्ठमा***

**भाषा र संस्कृतिको संरक्षण तथा प्रवर्धन गरौं।**

- मौलिक संस्कृतिको रक्षा गरौं।
- राष्ट्रिय पोशाक तथा मौलिक संस्कृति प्रति गौरव गरौं।
- मातृभाषाको सम्मान गरौं।
- परम्परागत कला, संगीत, नृत्य र खानेकुराको संरक्षण तथा प्रवर्धन गरौं।
- महत्वपूर्ण सभा, समारोह, विवाह, पर्व तथा उत्सवमा राष्ट्रिय पोशाकलाई प्राथमिकता दिऔं।
- सांस्कृतिक धरोहर, गुठी, मठ, मन्दिर तथा ऐतिहासिक स्थलहरुको संरक्षण र प्रवर्धन गरौं।
- सन्ततिलाई मौलिक संस्कृति, रीतिरिवाज तथा परम्पराको जानकारी गराऔं।
- आधुनिकता र प्रविधिसँगै आफ्नो मौलिक परम्परा जोगाऔं।

नेपाल सरकार
विज्ञापन बोर्ड

## सम्पादकीय ....

# तरकारीमा मुल्यबृद्धिले उपभोक्ता मारमा

सप्तरीमा यस पटक सबै भन्दा बढी मुल्यबृद्धि तरकारीमा भएको छ। विगतको तुलनामा यस पटक शतप्रतिशत मुल्यबृद्धि भएको छ। फुलकोभी अहिलेको समयमा १० देखी २० रुँपैया हुनुपर्नेमा अझै एक सय रुँपैया किलो रहेको छ। त्यस्तै विभिन्न प्रकारको सीमा, बोडीको मुल्य भने एक सय पचिस रुँपैया प्रतिकिलो रहेको छ। जबकी सीम र बोडीको मुल्य ५० रुँपैया हुनुपर्ने हो। विभिन्न प्रकारको सागहरुको मुल्य पनि ५० रुँपैया प्रति किलोमा रहेको छ।

यसरी विभिन्न प्रकारको तरकारीमा भएको मुल्यबृद्धिले उपभोक्ता निकै मारमा परेका छन्। यसको कारण स्थानीयस्तरमा तरकारी खेती नहुनु रहेको छ। स्थानीयस्तरमा तरकारी खेती नहुनुको एक कारण मौसम पनि रहेको छ। मौसम अनुकुल नरहेकोले पनि तरकारी खेतीतर्फ स्थानीय किसान आकर्षित भइरहेका छैनन्। बाहिरबाट आयात गरि ल्याइने तरकारीको मुल्य स्वभाविक रुपमा बढेरै जान्छ। तर पनि विगतको तुलनामा यसरी तरकारीमा भइरहेको मुल्यबृद्धिले स्थानीय सरकार गम्भिर हुनु आवश्यक छ।

तसर्थ सप्तरीमा यस पटक तरकारीको मुल्यमा भएको अत्याधिक मुल्यबृद्धिले यहाँका किसानहरु समेत गम्भिर बन्नु जरुरी छ। मौसम अनुकुल स्थानीय स्तरमै तरकारी खेती गर्नेतर्फ स्थानीय सरकारले किसानहरुका लागि विभिन्न योजना तथा तालिम, निशुल्क परामर्श, समय समयमा अनुगमन गरेर प्रोत्साहन गर्नु जरुरी छ।


डा. भगवती यादव
Dr. Bhagwati Yadav
MBBS, MD Paediatrics (USC)
NMC Reg. No. : 11389
नवजात शिशु तथा बाल रोग विशेषज्ञ

डा. सरोज कुमार साह
Dr. Saroj Kumar Sah
MBBS, MS Orthopaedics (BPKIHS) Dharan
Fellowship in Hand Surgery (CMC Vellore)
NMC Reg. No. : 13288
हाड जोर्नी, नशा तथा बाथ रोग विशेषज्ञ

डा. जयन्ती यादव
Dr. Jayanti Yadav
M.B.B.S. MD (Obstetrician and Gynaecologist)
हाल कार्यरत गजेन्द्र नारायण सिंह अस्पताल राजविराज
NMC Reg No. : 15312
बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ

सम्पर्क : कृताञ्जली स्वास्थ्य क्लिनिक, राजविराज
Mo. No : 9842830252, 9804605569


# पाँच वर्षमा अवैध 'भर्चुअल' सम्पत्तिका ६ सय ५८ शङ्कास्पद कारोबार

काठमाडौँ, १८ पुस (रासस)। नेपालमा अवैध मानिएको 'भर्चुअल' सम्पत्तिको शङ्कास्पद कारोबार पछिल्ला वर्षमा बढ्दै गएको छ। नेपाल राष्ट्र बैङ्कको वित्तीय जानकारी एकाइले बिहीबार सार्वजनिक गरेको भर्चुअल सम्पत्ति (भर्चुअल एसेट) सम्बन्धी रणनीतिक विश्लेषण प्रतिवेदन, २०२५ (स्ट्राटेजिक एनालिसिस रिपोर्ट, २०२५ अन भर्चुअल एसेट) अनुसार पछिल्लो पाँच वर्षमा मात्र ६ सय ५८ शङ्कास्पद कारोबारको राष्ट्र बैङ्कले जानकारी पाएको छ।

नेपालमा भर्चुअल सम्पत्ति (भर्चुअल एसेट) को कारोबार अवैध हो। बिटकोइन, इथेरियम जस्ता क्रिप्टो, स्टेबलकोइन, युटिलिटी टोकन तथा अन्य टोकनाइज्ड एसेट भर्चुअल सम्पत्तिभित्र पर्छन्। जसलाई व्यापार गर्न, स्थानान्तरण गर्न, भुक्तानी तथा लगानीका लागि प्रयोग गर्ने गरिन्छ। प्रतिवेदनअनुसार २०२१ जनवरीदेखि २०२५ जुलाईसम्ममा ६५८ शङ्कास्पद कारोबार र शङ्कास्पद गतिविधिको जानकारी राष्ट्र बैङ्कअन्तर्गतको वित्तीय जानकारी एकाइले पाएको छ। सन् २०२१ मा १३, सन् २०२२ मा १७३, सन् २०२३ मा १३८ र सन् २०२४ मा २५२ वटा यस्तो कारोबार र गतिविधिको जानकारी एकाइलाई आएका छन्।

त्यस्तै, २०२५ को जुलाई १६ सम्ममा ८२ कारोबार र गतिविधिको जानकारी राष्ट्र बैङ्कले पाएको छ। हालसम्म प्राप्त शङ्कास्पद कारोबार 'रिपोर्ट'अनुसार सबैभन्दा धेरै ९१ प्रतिशतभन्दा बढी अर्थात् ६ सयवटा वाणिज्य बैङ्कका छन्। त्यस्तै, ४८ विकास बैङ्क, ६ वटा रेमिट्यान्स कम्पनी, दुई वित्त कम्पनी, एउटा भुक्तानी प्रणाली सञ्चालक र एउटा स्टक ब्रोकरसँग सम्बन्धित रहेको छ। यसरी जानकारीमा आएका शङ्कास्पद कारोबार र गतिविधिलाई राष्ट्र बैङ्कले विभिन्न निकायमा पठाउने गरेको छ।

प्रतिवेदनअनुसार पछिल्लो पाँच वर्षमा राष्ट्र बैङ्कले २३२ वटा नेपाल प्रहरीलाई, ११५ वटा राजस्व अनुसन्धान विभागलाई, ६ वटा सम्पत्ति शुद्धीकरण अनुसन्धान विभागलाई, तीनवटा राष्ट्र बैङ्कअन्तर्गतको भुक्तानी सेवा विभागलाई र एउटा आन्तरिक राजस्व विभागलाई पठाएको छ। राष्ट्र बैङ्कका निर्देशक तथा वित्तीय जानकारी एकाइका प्रमुख वासुदेव भट्टराई शङ्कास्पद कारोबार बारेका जानकारी विभिन्न अनुसन्धान निकायलाई उपलब्ध गराएको र ती निकायबाट थप अनुसन्धान अघि बढ्ने बताउनुहुन्छ।

"हामीले जानकारीमा आएका शङ्कास्पद भर्चुअल सम्पत्तिको कारोबारसँग सम्बन्धित विवरण विभिन्न निकायलाई उपलब्ध गराएका छौँ। थप अनुसन्धान गर्ने, अदालतमा मुद्दा अभियोजन गर्ने र त्यहाँ पुष्टि भएपछि मात्रै यस्तो कारोबार भए-नभएको यकिन हुने हो," उहाँले भन्नुभयो।

भर्चुअल सम्पत्तिको शङ्कास्पद कारोबार गर्ने व्यक्तिको उमेर समूह हेर्ने हो भने ३५ प्रतिशत २६ देखि ३० वर्षका, २० प्रतिशत २१ देखि २५ वर्षसम्मका, २० प्रतिशत ३१ देखि ३५ वर्षका, १२ प्रतिशत ३६ देखि ४० वर्षका, १० प्रतिशत ४१ वर्षभन्दा माथि र तीन प्रतिशत १६ देखि २० वर्ष उमेर समूहका रहेका छन्। यस्तो शङ्कास्पद कारोबारमा सबैभन्दा धेरै २९ प्रतिशत विद्यार्थी रहेको पाइएको छ। त्यस्तै, २१ प्रतिशत जागिरे, १९ प्रतिशत विभिन्न व्यवसायका मालिक, पाँच प्रतिशत कृषि, दुई प्रतिशत इञ्जिनियर, नौ प्रतिशत वैदेशिक रोजगारमा गएका व्यक्ति तथा चार प्रतिशत स्वरोजगार रहेका छन्।

चिकित्सक, धार्मिक व्यक्ति र गृहिणी समान एक-एक प्रतिशत छन्। २६ प्रतिशत व्यक्तिको बैङ्क अकाउन्ट बाइनान्स, क्रिप्टो, विटक्वाइन, हाइपर फन्ड, हाइपरभर्स, एमटी क्वाइनजस्ता भर्चुअल सम्पत्तिको खरिद-बिक्रीमा जोडिएको भनेर उनीहरूकै बैङ्क स्टेटमेन्टबाट देखिएको पनि प्रतिवेदनमा उल्लेख छ। त्यस्तै, १६ प्रतिशत व्यक्ति भर्चुअल सम्पत्तिको कारोबारमा संलग्न रहेको भनेर विभिन्न अनौपचारिक स्रोतबाट र इमेलबाट जानकारी पाएको, दुई प्रतिशत व्यक्तिले क्रिप्टो व्यापारका लागि अर्को व्यक्तिको बैङ्क खाता प्रयोग गर्ने (मनी म्युल) को प्रयोग गर्ने गरेका कारण शङ्कामा परेको राष्ट्र बैङ्कले जनाएको छ।

त्यस्तै, पाँच प्रतिशत क्रिप्टो विटक्वाइन तथा स्केल टोकन खरिदका लागि डलर कार्डको प्रयोग गर्ने गरेको, दुई प्रतिशत ग्याम्बलिङ र क्रिप्टोमा

*बाँकी अन्तिम पृष्ठमा*

# 'आर्थिक क्रियाकलाप अघिल्लो वर्षकोभन्दा सकारात्मक'

काठमाडौँ, १८ पुस (रासस)। गत आर्थिक वर्षकोभन्दा चालु आव २०८२/८३ मा मुलुकको आर्थिक वृद्धिदर कमजोर हुने अनुमानकाबीच नेपाल राष्ट्र बैंकले यस वर्ष अघिल्लो वर्षकोभन्दा आर्थिक क्रियाकलाप बढेको र वृद्धिदर पनि औसतभन्दा बढी हुने जनाएको छ।

गत आव २०८१/८२ को 'आर्थिक गतिविधि अध्ययन वार्षिक प्रतिवेदन' सार्वजनिक गर्दै राष्ट्र बैंकले गत वर्षकोभन्दा यस वर्ष आर्थिक क्रियाकलापमा बढोत्तरी हुने जनाएको हो।

"आव २०८२/८३ मा मुद्रास्फीतिको चाप कम रहेको छ। विश्वव्यापी रुपमा इन्धन तथा खाद्य वस्तुको मूल्यमा गिरावट आएको, कर्जा तथा निक्षेपको ब्याजदर घट्दो अवस्थामा रहेको, जलविद्युत् उत्पादनमा उल्लेख्य वृद्धि भएको, बाह्य पर्यटकको आगमनमा वृद्धि सँगसँगै निर्यात र विप्रेषण आप्रवाहमा पनि वृद्धि भएको र विगत केही वर्षदेखि सङ्कुचनमा रहेको निर्माण र उत्पादनमूलक उद्योग क्षेत्र यस बैंकले गरेको मौद्रिक सहजताका कारण विस्तार हुँदै गएको हुँदा आर्थिक वृद्धि औसतभन्दा बढी हुने देखिन्छ", प्रतिवेदनमा भनिएको छ।

चालु आवमा आर्थिक क्रियाकलाप अघिल्लो वर्षको तुलनामा सकारात्मक हुने अनुमान राष्ट्र बैंकको छ। "अर्थतन्त्रमा तरलता पर्याप्त रहेको, सरकारले सुशासन प्रवर्द्धन गर्दै पुनःनिर्माण अघि बढाएको, साना र तयारी नपुगेका आयोजनामा बजेट स्थगन गर्दै परियोजना प्राथमिकीकरण गरिएकोलगायत कार्यले अर्थतन्त्र चलायमान भई आर्थिक गतिविधि बढ्ने अनुमान रहको छ", केन्द्रीय बैंकले प्रतिवेदनमार्फत भनेको छ।

राष्ट्रिय तथ्याङ्क कार्यालयका अनुसार गत आव २०८१/८२ मा नेपालको आर्थिक वृद्धिदर उपभोक्ताको मूल्यमा ४ दशमलव ६ प्रतिशत र प्रचलित मूल्यमा ४ प्रतिशत रहने प्रारम्भिक अनुमान छ।

गत आवको कूल गार्हस्थ्य उत्पादनमा कृषि, उद्योग र सेवा क्षेत्रको योगदान क्रमशः २५ दशमलव दुई, १२ दशमलव आठ र ६२ प्रतिशत रहने प्रारम्भिक अनुमान रहेको प्रतिवेदनमा उल्लेख छ।

गत आवको मुलुकको कूल गार्हस्थ्य उत्पादनमा बागमती प्रदेशको हिस्सा सबैभन्दा धेरै ३६ दशमलव पाँच प्रतिशत रहेको छ भने कोशी प्रदेशको हिस्सा १५ दशमलव नौ प्रतिशत रहको छ। कर्णाली प्रदेशको हिस्सा भने सबैभन्दा कम चार दशमलव दुई प्रतिशत रहेको छ।

प्रतिवेदनअनुसार गत आवमा प्रमुख कृषिबालीको उत्पादन तीन दशमलव सात प्रतिशतले बढेको छ। यस्ता बालीले ढाकेको भूक्षेत्र भने दुई दशमलव दुई प्रतिशतले घटेको छ।

त्यस्तै तरकारी उत्पादन

*बाँकी तीन पृष्ठमा*


भूमि व्यवस्था सहकारी तथा गरिबी निवारण मन्त्रालय
भूमि व्यवस्थापन तथा अभिलेख विभाग
भूमि सुधार तथा मालपोत कार्यालय सप्तरी,राजविराज

मिति :-२०८२/०९/१८

विषय:- ३५ दिने हकदावी सम्बन्धी सार्वजनिक सुचना।

यसमा २००४ सालको जमाबन्दी श्रेस्ता बमोजिम रैती नं. ४६ गंगाई साफी धोबीको नाममा कायम रहेका साबिक प्रगन्ना जगदर मौजे राम्पुराको तपसिल बमोजिमको जग्गा गंगाई साफी धोबीको नाममा ७ नं. फाटबारीमा जि.स. पं. सखडाको तपसिल बमोजिमको जग्गा कायम भएको जग्गा २०२८ सालमा नाप नक्सा भई तपसिल बमोजिमको जग्गा स.जि.अ. राजविराजको सा.दे.नं. १९३५ मिति २०५६/११/१० को मिलापत्र बमोजिम छुट जग्गा दर्ता दा.खा. समेत गरी पाउँ भनी जिल्ला सप्तरी गा.वि.स. छिन्नमस्ता वार्ड नं.८ हाल छिन्नमस्ता गा.पा. वडा नं. २ बस्ने जंगल साफीको नाति मोति लाल साफीको छोरा इलाई भन्ने रामगोविन्द साफीको यस कार्यालयमा द.नं. ७८०१ मिति २०८२/०८/२१ गतेमा माग निवेदन परी हकदावी सम्बन्धी सार्वजनिक सुचना प्रकाशित गर्न मिति २०८२/०९/१८ मा आदेश भए बमोजिम यो ३५ दिने हकदावी सम्बन्धी सार्वजनिक सुचना प्रकाशित गरिएको छ। तपसिलमा उल्लेखित जग्गा निवेदकहरु बाहेक अरु कसैको हक लाग्ने भए वा निवेदकको नाममा छुट जग्गा दर्ता नामसारी गर्दा कसैको हक जानेछ वा अन्य कुनै व्यक्ति विशेष वा नेपाल सरकार, सार्वजनिक, सामुदायिक, डगर, बाटो, ऐलानी , प्रति, गोचर, समसानघाट, पैनी, पौवा, पार्क, हाट,मेला लाग्ने ठाँउ वा सरकारी जग्गा भए/ नभएको सम्बन्धमा यो सुचना प्रकाशित भएको मितिले ३५ दिनभित्रमा सप्रमाण सहित यस कार्यालयमा आई उजुरी गर्नुहोला। म्यादभित्र कसैको हकदावी उजुरी पर्न नआएमा निवेदकहरुको माग दावी बमोजिम छुट जग्गा दर्ता नामसारी गर्ने तर्फ कानून बमोजिम कारवाही भै जानेछ। यस सम्बन्धमा पछि कुनै पनि उजुरी दावी नलाग्ने व्यहोरा सम्बन्धित सबैलाई जानकारी गराईन्छ।

तपसिल:

| सि.नं. | जिल्ला | सा.कि.नं | गा.वि.स | वार्ड नं | हाल कि.नं. | ज.वि. | तर्फ | |
|---|---|---|---|---|---|---|---|---|
| १ | सप्तरी | ५३७ | सखडा | ८क | २४२/३६६/६५८/७०९ | ०-१-१८ | दक्षिण पूर्व सो | यो जग्गाको फिल्डबुकको कि.नं. २४२, ३४६, ३४९ को कैफियत महलमा पं सखडा वार्ड नं. ८ मा बस्ने पुनीत, मोती, अवध,मुसहरुको समेत अदालतमा झगडा परेको,कि.नं. ३३५ को कैफियत महलमा पं सखडा वार्ड नं. ८ मा बस्ने पुनीत, मोती, अवध मुसहरुको नम्बरी हो, कि.नं. १९१, १४२, ६३ को गंगाई साफीको नम्बरी हो। कि.नं. ८४, २४८ को मोतिलाल साफीको नम्बरी हो जनिएको। |
| २ | सप्तरी | १०५२ | सखडा | ९ग | १९१/२८४/४७५/५१८ | ०-०-८.७५ | धनिक लाल सो पश्चिम | |
| ३ | सप्तरी | ४०७ | सखडा | ८क | ३३५/६६६/७१४ | ०-३-१० | धनिक लाल सो पश्चिम | |
| ४ | सप्तरी | ५८६ | सखडा | ९ग | ८४ | ०-०-१० | पश्चिम सो | |
| ५ | सप्तरी | १०४७ | सखडा | ९ग | २४८ | ०-३-३ | पश्चिम सो | |
| ६ | सप्तरी | ५३८ | सखडा | ९ख | १४२/१६०/२४१/२६३ | ०-०-२.५ | धनिकलाल सो दक्षिण | |
| ७ | सप्तरी | ४१६ | सखडा | ८क | ३४६ | ०-५-६ | नथुनि साफी सो पश्चिम | |
| ८ | सप्तरी | ३४२ | सखडा | ९ग | ६३/२७६ | ०-४-० | उत्तरपूर्व सो | |
| ९ | सप्तरी | ८३७ | सखडा | ८क | ३४९ | ०-२-१ | ससिम | |

# बैङ्क तथा वित्तीय संस्थाको बचत र कर्जामा बागमती प्रदेशको हिस्सा सबैभन्दा बढी

काठमाडौँ, १८ पुस (रासस)।

बैङ्क तथा वित्तीय संस्थामा रहेको कुल निक्षेप तथा कर्जामा बागमती प्रदेशको अंश सबैभन्दा बढी देखिएको छ।

नेपाल राष्ट्र बैङ्कले बिहीबार सार्वजनिक गरेको गत आर्थिक वर्ष २०८१/८२ को आर्थिक गतिविधि अध्ययन वार्षिक प्रतिवेदनअनुसार २०८२ असार मसान्तसम्म बैङ्क तथा वित्तीय संस्थाले परिचालन गरेको कुल निक्षेपमा बागमती प्रदेशबाट परिचालन गरिएको निक्षेपको अंश सबैभन्दा धेरै ६५ दशमलव आठ प्रतिशत र कुल कर्जा प्रवाहमा ५९ दशमलव पाँच प्रतिशत रहेको छ।

गत आर्थिक वर्ष २०८१/८२ सम्ममा बैङ्क तथा वित्तीय संस्थाले कुल रु ७२ खर्ब ९५ अर्ब ६९ लाख ३० हजार बराबर निक्षेप सङ्कलन गर्दा बागमती प्रदेशबाट मात्र रु ४७ खर्ब ९७ अर्ब ५९ करोड ८७ लाख बराबर निक्षेप उठेको छ।

यस्तै, कोशीबाट रु पाँच खर्ब ५३ अर्ब तीन करोड ७९ लाख, मधेस प्रदेशबाट रु चार खर्ब सात अर्ब ७३ करोड ७२ लाख, गण्डकीबाट रु छ खर्ब १२ अर्ब २९ करोड ५७ लाख, कर्णालीबाट रु ९१ अर्ब नौ करोड र सुदूरपश्चिमबाट रु एक खर्ब ७३ अर्ब ८३ करोड बराबर निक्षेप सङ्कलन भएको छ।

यस्तै, गत असार मसान्तसम्म कुल रु ५५ खर्ब ८६ अर्ब २९ करोड २२ लाख बराबरको कर्जा प्रवाह हुँदा बागमती प्रदेशबाट मात्र रु ३३ खर्ब २३ अर्ब ३१ करोड ६१ लाख बराबर ऋण लगानी भएको छ। कोशी प्रदेशबाट रु छ खर्ब १३ अर्ब ३८ करोड ९६ लाख, मधेस प्रदेशबाट रु चार खर्ब ९५ अर्ब ८६ करोड, गण्डकीबाट रु तीन खर्ब ५६ अर्ब ९२ करोड ५७ लाख, लुम्बिनीबाट रु पाँच खर्ब ७७ अर्ब २७ करोड ६१ लाख, कर्णालीबाट रु ६२ अर्ब १२ करोड र सुदूरपश्चिमबाट रु एक खर्ब ५७ अर्ब ४० करोड ४१ लाख बराबर कर्जा प्रवाह भएको छ।

राष्ट्र बैङ्कका अनुसार २०८१ असार मसान्तको तुलनामा २०८२ असार मसान्तमा बैङ्क तथा वित्तीय संस्थाबाट कृषिमा प्रवाहित कर्जा शून्य दशमलव ०४ प्रतिशतले घटेर रु तीन खर्ब ३६ अर्ब ७३ करोड पुगेको छ।

गत वर्षमा कुल कृषि कर्जामध्ये सबैभन्दा बढी रु ६१ अर्ब १९ करोड कर्जा पशुपालन पशु वधशाला शीर्षकमा र सबैभन्दा कम सुर्तीमा रु २० करोड ६५ लाख प्रवाह भएको छ। कृषि क्षेत्रमा प्रवाहित कर्जामा कोशी प्रदेशको अंश १६ दशमलव सात, मधेसको १८ दशमलव सात, बागमतीको ३६ दशमलव दुई, गण्डकीको सात दशमलव एक, लुम्बिनीको १५, कर्णालीको एक दशमलव पाँच र सुदूरपश्चिम प्रदेशको चार दशमलव सात प्रतिशत रहेको छ।

यसैगरी गत असार मसान्तसम्ममा औद्योगिक क्षेत्रमा रु १६ खर्ब ९९ अर्ब ४९ करोड कर्जा प्रवाह भएको छ। कुल कर्जामध्ये औद्योगिक क्षेत्रमा प्रवाहित कर्जाको अंश ३० दशमलव ४२ प्रतिशत रहेको छ। औद्योगिक कर्जामध्ये सबैभन्दा बढी गैरखाद्य वस्तु उत्पादनसम्बन्धी उद्योगमा ३५ दशमलव २७, विद्युत्, ग्यास तथा पानीसम्बन्धी उद्योगमा २६ दशमलव २६, कृषि, वन तथा पेयपदार्थसम्बन्धी उद्योगमा २१ दशमलव ८५, निर्माणसम्बन्धी उद्योगमा ११ दशमलव ७०, धातुका उत्पादन, मेसिनरी तथा इलेक्ट्रोनिकसम्बन्धी उद्योगमा चार दशमलव २३ प्रतिशत र सबैभन्दा कम खानीसम्बन्धी उद्योगमा शून्य दशमलव ६९ प्रतिशत कर्जा प्रवाह भएको छ।

प्रतिवेदनअनुसार गत असार मसान्तसम्म प्रवाहित औद्योगिक कर्जामध्ये बागमती प्रदेशमा सबैभन्दा बढी रु १२ खर्ब ८० अर्ब ९७ करोड अर्थात् यस शीर्षकमा प्रवाहित वार्षिक कर्जाको ७१ दशमलव तीन प्रतिशत रहेको छ।

त्यसपछि कोशीको नौ दशमलव पाँच र लुम्बिनी प्रदेशको आठ दशमलव तीन प्रतिशत रहेको छ। मधेसको सात दशमलव पाँच, गण्डकीको एक दशमलव छ, कर्णालीको शून्य दशमलव दुई र सुदूरपश्चिमको एक दशमलव छ प्रतिशत रहेको छ।

यस्तै, सेवा क्षेत्रमा गत आवको अन्त्यसम्म कर्जा प्रवाह रु २१ खर्ब ८४ अर्ब चार करोड पुगेको छ। यस अवधिमा बैङ्क तथा वित्तीय संस्थाबाट कुल कर्जामध्ये सेवा क्षेत्रमा प्रवाहित कर्जाको अंश मात्रै ३९ दशमलव एक प्रतिशत हुन आउँछ। सेवा क्षेत्रमा प्रवाह भएको कर्जामध्ये थोक तथा खुद्रा बिक्रेता उपक्षेत्रमा सबैभन्दा बढी ४७ दशमलव तीन प्रतिशत कर्जा प्रवाह भएको छभने 'रियल स्टेट' उपक्षेत्रमा १२ दशमलव दुई, पर्यटन उपक्षेत्रमा ११ दशमलव आठ, वित्त, बीमा तथा अचल सम्पत्ति उपक्षेत्रमा ११ दशमलव तीन, शिक्षामा छ दशमलव छ, यातायात, भण्डारण र सञ्चार क्षेत्रमा तीन दशमलव सात, अन्य सेवा उपक्षेत्रमा तीन दशमलव सात प्रतिशत र स्वास्थ्य र अन्य सामाजिक कार्यसम्बन्धी उपक्षेत्रमा तीन दशमलव तीन प्रतिशत कर्जा प्रवाह भएको छ।

सेवा क्षेत्रअन्तर्गत प्रवाहित कर्जामा बागमती प्रदेशको हिस्सा ५९ दशमलव पाँच प्रतिशत रहेको छ। यस्तै, लुम्बिनीको १० दशमलव तीन, कोशीको १० दशमलव एक र मधेस प्रदेशको नौ प्रतिशत रहेको छ। यस्तै, गण्डकीको छ दशमलव नौ, कर्णालीको एक दशमलव एक र सुदूरपश्चिम प्रदेशको तीन प्रतिशत रहेको प्रतिवेदनमा उल्लेख छ।

### 'आर्थिक क्रियाकलाप ...

१० दशमलव एक र मसला उत्पादन शून्य दशमलव सात प्रतिशतले बढेको छ भने फलफूल उत्पादन तीन दशमलव तीन प्रतिशतले घटेको छ।

पशुजन्य उत्पादनअन्तर्गत दूध उत्पादन एक र मासु उत्पादन शून्य दशमलव तीन प्रतिशतले घटेको छ भने अण्डा उत्पादन एक प्रतिशतले बढेको छ। वनजन्य उत्पादनअन्तर्गत काठ उत्पादन आठ दशमलव ८२ र दाउरा उत्पादन चार दशमलव ७४ प्रतिशतले बढ्दा औषधिजन्य वस्तुको उत्पादन एक दशमलव ९१ प्रतिशतले घटेको छ।

गत आवमा अध्ययनमा समेटिएका उद्योगको औसत क्षमता उपयोग ४४ दशमलव पाँच प्रतिशत रहेको राष्ट्र बैंकले जनाएको छ। अघिल्लो आव २०८०/८१ मा यस्तो क्षमता उपयोग ४८ दशमलव तीन प्रतिशत रहेको थियो। विसं २०८२ असार मसान्तसम्म बैंक तथा वित्तीय संस्थाले प्रवाह गरको कूल कर्जामा औद्योगिक क्षेत्र कर्जाको अंश ३० दशमलव ४२ प्रतिशत रहेको छ।

प्रतिवेदनअनुसार गत आवमा नेपाल भ्रमण गर्ने पर्यटक सङ्ख्या एक दशमलव सात प्रतिशतले वृद्धि भई ११ लाख ४७ हजार ८३४ जना पुगेको छ।

त्यस्तै, गता आवमा घर/भवन नक्शा पास सङ्ख्या एक दशमलव दुई प्रतिशतले र घरजग्गा रजिस्ट्रेशनबाट प्राप्त हुने राजस्व १८ दशमलव छ प्रतिशतले घटेको छ। विसं २०८१ असार मसान्तको तुलनामा २०८२ असार मसान्तमा बैंक तथा वित्तीय संस्थाको निक्षेप १२ दशमलव पाँच प्रतिशतले र कर्जा प्रवाह आठ दशमलव दुई प्रतिशतले वृद्धि भएको छ।

राष्ट्र बैंकका अनुसार २०८२ असार मसान्तमा औसत कर्जा-निक्षेप अनुपात ७६ दशमलव ८ प्रतिशत रहेको छ। बैंक तथा वित्तीय संस्थाको कूल निक्षेप तथा कर्जामा बागमती प्रदेशको अंश उच्च रहेको छ। कूल निक्षेपमा यस प्रदेशको अंश ६५ दशमलव आठ प्रतिशत र कूल कर्जामा ५९ दशमलव पाँच प्रतिशत रहेको प्रतिवेदनमा उल्लेख छ।


नेपाल सरकार
भूमि व्यवस्था सहकारी तथा गरिबी निवारण मन्त्रालय
भूमि व्यवस्थापन तथा अभिलेख विभाग
भूमि सुधार तथा मालपोत कार्यालय सप्तरी,राजविराज

मिति :-२०८२/०९/१८

विषय:- ३५ दिने हकदावी सम्बन्धी सार्वजनिक सुचना।

यसमा २००४ सालको जमाबन्दी श्रेष्ता बमोजिम रैती नं. ४६ गंगाई साफी धोवीको नाममा कायम रहेका साबिक प्रगन्ना जगदर मौजे राम्पुराको तपसिल बमोजिमको जग्गा गंगाई साफी धोवीको नाममा ७ नं. फाटबारीमा जि.स. पं.सखडाको तपसिल बमोजिमको जग्गा २०२८ सालमा नाप नक्सा भई तपसिल बमोजिमको जग्गा स.जि.अ. राजविराजको सा.दे.नं. १९३५ मिति २०५६/११/१० को मिलापत्र बमोजिम छुट जग्गा दर्ता दा.खा. समेत गरी पाउँ भनी जिल्ला सप्तरी गा.वि.स. छिन्नमस्ता वार्ड नं.८ हाल छिन्नमस्ता गा.पा. वडा नं. २ बस्ने जंगल साफीको नाति मोति लाल साफीको छोरा मौजे लाल साफीको यस कार्यालयमा द.नं. ७८०२ मिति २०८२/०८/२१ गतेमा माग निवेदन परी हकदावी सम्बन्धी सार्वजनिक सुचना प्रकाशित गर्ने मिति २०८२/०९/१८ मा आदेश भए बमोजिम यो ३५ दिने हकदावी सम्बन्धी सार्वजनिक सुचना प्रकाशित गरिएको छ। तपसिलमा उल्लेखित जग्गां निवेदकहरु बाहेक अरु कसैको हक लाग्ने भए वा निवेदकको नाममा छुट जग्गा दर्ता नामसारी गर्दा कसैको हक जानेछ वा अन्य कुनै व्यक्ति विशेष वा नेपाल सरकार, सार्वजनिक, सामुदायिक, डगर, बाटो, ऐलानी , प्रति, गोचर, समसानघाट, पैनी, पौवा, पार्क, हाट,मेला लाग्ने ठाँउ वा सरकारी जग्गा भए/ नभएको सम्बन्धमा यो सुचना प्रकाशित भएको मितिले ३५ दिनभित्रमा सप्रमाण सहित यस कार्यालयमा आई उजुरी गर्नुहोला। म्यादभित्र कसैको हकदावी उजुरी पर्न नआएमा निवेदकहरुको माग दावी बमोजिम छुट जग्गा दर्ता नामसारी गर्ने तर्फ कानून बमोजिम कारवाही भै जानेछ। यस सम्बन्धमा पछि कुनै पनि उजुरी दावी नलाग्ने व्यहोरा सम्बन्धित सबैलाई जानकारी गराईन्छ।

तपसिल:

| सि.नं. | जिल्ला | सा.कि.नं. | गा.वि.स. | वार्ड नं. | हाल कि.नं. | ज.वि. | तर्फ | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| १ | सप्तरी | ५८५ | सखडा | ९ग | ८२/२८६/५१२ | ०-३-० | उत्तर पूर्व सो | यो जग्गाको फिल्डबुकको कि.नं. ३४६, ३७०, २२९, ९३, २५५, १३९ को कैफियत महलमा पं सखडा वार्ड नं. ८ मा बस्ने पुनीत, मोती, अवध मुसहरुको समेत अदालतमा झगडा परेको, कि.नं. ३३५ कैफियत महलमा पं सखडा वार्ड नं. ८ मा बस्ने पुनीत, मोती, अवध, मुसहरुको नम्बरी हो। कि.नं. ८२, १९१, १४२, ६३, १८० को गंगाई साफीको नम्बरी हो जनिएको। |
| २ | सप्तरी | १०५२ | सखडा | ९ग | १९१/२८४/४७५/५१८ | ०-०-८.७५ | नयुनिसो पश्चिम | |
| ३ | सप्तरी | ४०७ | सखडा | ८क | ३३५/६६६/७१४ | ०-१-० | बीचबाट | |
| ४ | सप्तरी | ५३८ | सखडा | ९ख | १४२/१६०/२४१/२६३ | ०-०-२.५ | नयुनि सो पश्चिम | |
| ५ | सप्तरी | ४१६ | सखडा | ८क | ३४६ | ०-४-१९ | रामगोबिन सो पश्चिम | |
| ६ | सप्तरी | २८५ | सखडा | ८क | २७२/३७० | ०-१-१३ | दक्षिण सो | |
| ७ | सप्तरी | ३०३ | सखडा | ८क | २२९/३६५/६६१ | ०-२-३ | बिच सो | |
| ८ | सप्तरी | ८४५ | सखडा | ८क | ९३/३६४/६६३/७११ | ०-२-० | उत्तर पश्चिम सो | |
| ९ | सप्तरी | ३४२ | सखडा | ९ग | ६३/२७६ | ०-२-० | पश्चिम उत्तर सो | |
| १० | सप्तरी | ३१२ | सखडा | ९ग | १८०/२८२ | ०-०-१५ | दक्षिण पूर्व सो | |
| ११ | सप्तरी | ९९७ | सखडा | ८क | २५५ | ०-०-६ | ससिम | |
| १२ | सप्तरी | १०४५ | सखडा | ८क | १२९ | ०-०-१५ | ससिम | |


## विश्व समाचार

### नयाँ वर्षमा एआई प्रभाव, सेयर बजारको स्थिति सुदृढ

टोकियो, १८ पुस (रासस/एएफपी)।

एशियाली सेयर बजारहरूले सन् २०२६ को सुरुआत सकारात्मक रूपमा गरेका छन्। यद्यपि टोकियो र साङ्घाई बजार बिदाका कारण बन्द रहेकाले कारोबारको मात्रा भने कम देखिएको छ। लगानीकर्ता अहिले संयुक्त राज्य अमेरिकाको वाल स्ट्रिटबाट नयाँ सङ्केतको प्रतीक्षामा छन्।

सन् २०२५ मा विश्व सेयर बजारले उल्लेखनीय वृद्धि देखाएको थियो। अमेरिकाको एस एन्ड पी ५०० सूचकाङ्क १६.४ प्रतिशतले बढ्यो भने प्रविधि केन्द्रित नास्ड्याक २०.४ प्रतिशतले उकालो लागेको थियो। बेलायतको एफटीएसई सूचकाङ्कले पनि १६ वर्षयताकै उत्कृष्ट क्रिसमस प्रदर्शन गरेको थियो।

एशियामा दक्षिण कोरियाको सेयर बजार सन् २०२५ मा करिब ७५ प्रतिशतले उकालो लागेको थियो। हङकङको हाङ सेङ सूचकाङ्क २८ प्रतिशतले बढ्यो भने जापानको निक्केई २२५ सूचकाङ्क २६ प्रतिशतभन्दा बढीले उक्लिएको थियो। विश्लेषक काइल रोड्डाका अनुसार नयाँ वर्षको सुरुआतसँगै सबैको प्रश्न एउटै हुन्छ–के यो वृद्धि निरन्तर रहला ? बजारको साझा धारणा अनुसार यो सकारात्मक प्रवृत्ति जारी रहने अपेक्षा गरिएको छ। उहाँका अनुसार अमेरिकी अर्थतन्त्रमा वृद्धिदर बढ्ने, मुद्रास्फीति नियन्त्रणमा रहने र ब्याजदर घट्ने अनुमान गरिएको छ, जसले सेयर बजारलाई थप बल पुऱ्याउनेछ।

शुक्रबार हङकङको सेयर बजार २.२ प्रतिशतले बढ्यो। चिप डिजाइन कम्पनी बिरेन टेक्नोलोजिज आफ्नो प्रारम्भिक सार्वजनिक निष्कासन (आईपीओ) पछि ८० प्रतिशतले उकालो लाग्यो। उक्त कम्पनीले ७० करोड अमेरिकी डलरभन्दा बढी रकम संकलन गरेको छ, जसले कृत्रिम बौद्धिकता (एआई) सम्बन्धी लगानीप्रति लगानीकर्ताको चासो अझै बलियो रहेको देखाएको छ।

यसैबीच, चिनियाँ खोज इन्जिन कम्पनी बाइडुले आफ्नो एआई चिप इकाइ 'कुनलुनसिन' हङकङमा सूचीकृत हुने प्रक्रिया अघि बढाएको घोषणा गरेपछि बाइडुको सेयर करिब ७ प्रतिशतले बढ्यो।ताइपेई, सिड्नी, जकार्ता, मनिला र सिङ्गापुरका सेयर बजारहरू पनि उकालो लागेका छन्। दक्षिण कोरियाको कोस्पी सूचकाङ्क १.७ प्रतिशतले बढ्यो।

सामसुङ इलेक्ट्रोनिक्सको सेयर ३ प्रतिशतले बढेको छ, जहाँ कम्पनीका उच्च ब्यान्डविथ मेमोरी चिपप्रति ग्राहकको सकारात्मक प्रतिक्रिया आएको बताइएको छ। यसैबीच, नयाँ वर्षको सुरुआतसँगै सुन र चाँदीजस्ता बहुमूल्य धातुको मूल्य पनि बढेको छ। सुनको मूल्य ०.६४ प्रतिशत र चाँदीको मूल्य १.५ प्रतिशतले वृद्धि भएको छ।

### गाजामा विस्थापीत शिविरमा आगलागी हुँदा दुई जनाको मृत्यु, पाँच घाइते

गाजा, १८ पुस (रासस/क्यूएनए)।

गाजा सहरमा विस्थापित मानिसहरूले बसोबास गर्दै आएको शिविरमा आगलागी हुँदा एक प्यालेस्टिनी व्यक्तिको मृत्यु भएको र अन्य पाँच जना घाइते भएको प्यालेस्टिनी अधिकारीहरूले बताएका छन्। अर्को छुट्टै घटनामा, मध्य गाजा पट्टीको नुसिरात शरणार्थी शिविरमा अर्को आगलागी हुँदा एक जना युवतीको मृत्यु भएको जनाइएको छ। प्यालेस्टिनी समाचार एजेन्सीका अनुसार गाजा सहरको यर्मोक स्टेडियममा रहेको विस्थापितहरुको शिविर भित्र पहिलो आगलागी हुदाँ एकजनाको मृत्यु भएको थियो भने अन्य पाँचजना जलेका थिए। घाइतेहरूलाई उपचारका लागि अस्पताल लगिएको जनाएको छ।

दोस्रो घटनामा नुसिरात शिविरमा बस्दै आएका बालक संलग्न रहेको वफा समाचार उल्लेख गर्दै एजेन्सिले विद्यमान मौसमको कारण आगलागी भएको बताइएको छ। प्यालेस्टिनी शरणार्थीहरुका लागि संयुक्त राष्ट्रसंघीय एजेन्सी, युएनआरडब्लुएले यस हप्ताको सुरुमा गाजामा करिब दुई लाख ३५ हजार मानिसहरू डिसेम्बर १० र १७ को बिचमा गम्भीर मौसमको अवस्थाबाट प्रभावित भएको बताएको छ।

बायरन नामले चिनिने आँधीले आवाशिय भवन ढल्नुका साथै विस्थातिहरुको आश्रयहरुलाई क्षति पुर्याए पछि उनीहरु विस्थापीत भएको बताइएको छ। प्यालेस्टिनी स्रोतका अनुसार डिसेम्बरमा जाडो मौसम सुरु भए देखि, मौसम सम्बन्धी घटनामा चार बालबालिका सहित कम्तिमा १८ जना प्यालेस्टिनीको मृत्यु भएको छ। स्रोतले लगभग ९० प्रतिशत विस्थापीतहरका शिविरहरू बाढीबाट प्रभावित भएका कारण द्वन्द्वको समयमा घरहरू ध्वस्त भएका परिवारहरुलाई असर गरेको जनाएको छ।

### मध्य क्षेत्रको अपरेसनमा २९ जना अल शबाब लडाकु मारिएको सोमाली सेनाको दावी

मोगादिशु (सोमालीया) १८पुस (रासस/क्यूएनए)।

सोमालियाको सेनाले देशको मध्य क्षेत्रमा सैन्य कारवाहीका क्रममा २९ जना अल शबाब लडाकु मारिएको दावी गरेको छ। विज्ञप्ति जारी गर्दै सोमाली सेनाले राजधानी मोगादिशुको दक्षिण-पूर्वमा रहेको मध्य शावेल क्षेत्रको जुबाद गुदनी क्षेत्रमा आतङ्कवादी स्थानहरूलाई लक्षित गरी अपरेसन सरु गरेको बताएको छ। अपरेसनमा मारिनेहरूमा वरिष्ठ कमाण्डर र प्रमुख अपरेटिभहरू समेत रहेको सेनाले जनाएको छ।

पछिल्लो हप्तादेखि चलिरहेको अभियानको एक हिस्साको रूपमा अन्तर्राष्ट्रिय साझेदारहरूसँग समन्वयमा अपरेसन गरिएको विज्ञप्तिमा भनिएको छ। सेनाले व्यापक अभियानले अलनाली र हावडलेका क्षेत्रहरू पनि समेटेको उल्लेख गर्दै लगभग १३५ अल शबाब लडाकुहरूको मृत्यु भएको थियो र समूहका धेरै आधारहरू ध्वस्त भएका थिए। अल कायदासँग जोडिएको अल शबाबले एक दशक भन्दा बढी समयदेखि सोमाली सरकारसँग लडिरहेको छ। पछिल्लो समयमा सोमाली सुरक्षा बलले समूहको विरुद्ध तीव्र आक्रमणको एक हिस्साको रूपमा देशको मध्य र दक्षिणी भागका धेरै सहर र गाउँहरू पुनः कब्जा गरेको छ।

# तत्कालीन गृहमन्त्री लेखकको भ्रमण फुकुवा

काठमाडौँ, १८ पुस (रासस)। गत भदौ २३ र २४ को घटनासम्बन्धी जाँचबुझ आयोगले तत्कालीन गृहमन्त्री रमेश लेखकको भ्रमण फुकुवा गरेको छ।

आयोगको बिहीबारको बैठकले पूर्वगृहमन्त्री लेखकको विदेश भ्रमणमा रोक्का लगाउने र स्वीकृति बेगर काठमाडौँ उपत्यका छाड्न नपाउने व्यवस्था फुकुवा गरेको शाखा अधिकृत रेशम बुढा क्षेत्रीले जानकारी दिनुभयो।

आयोगले बिहीबार गृह मन्त्रालयलाई पत्र लेखी लेखकको भ्रमण फुकुवाको जानकारी गराएको छ। आयोगले सो पत्रको बोधार्थ प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालय, सङ्घीय मामिला तथा सामान्य प्रशासन, परराष्ट्र मन्त्रालय, प्रहरी प्रधान कार्यालय र निज लेखकलाई दिइएको छ।

बैठकले भदौ २३ र २४ गतेको घटनाको छानबिन तथा जाँचबुझका लागि अनुसन्धानका दायरामा रहेको भन्दै आयोगले गत असोज १२ गते लेखकको विदेशमा भ्रमणमा रोक्का लगाउने र स्वीकृति बेगर काठमाडौँ उपत्यका छाड्न नपाउने निर्णय गरेको थियो।

सो घटनाका सम्बन्धमा तत्कालीन गृहमन्त्री लेखकले केही दिनअघि आयोगमा बयान दिनुभएको थियो।

# सन् २०२५ मा ११ लाख ५८ हजारभन्दा बढी पर्यटक नेपाल भित्रिए

काठमाडौँ, १८ पुस (रासस)। सन् २०२५ मा ११ लाख ५८ हजार ४५९ विदेशी पर्यटक नेपाल भित्रिएका छन्। नेपाल पर्यटन बोर्डले दिएको जानकारीअनुसार सन् २०२५ मा विभिन्न मुलुक हुँदै उक्त सङ्ख्यामा पर्यटक नेपाल भित्रिएका हुन्।

सन् २०२४ मा भने ११ लाख ४७ हजार ५४८ पर्यटक नेपाल भित्रिएका थिए। सन् २०२५ मा अघिल्लो वर्षको तुलनामा केही सङ्ख्या बढेको छ, जसमा छिमेकी मुलुक भारतबाट दुई लाख ९२ हजार ४३८, अमेरिकाबाट एक लाख १२ हजार ३१६, चीनबाट ५८ हजार ६८४, बेलायतबाट ५७ हजार ५४५, बंगलादेशबाट ४९ हजार ३५७, अष्ट्रेलियाबाट ३७ हजार ५५०, श्रीलंकाबाट ३० हजार २४३, थाइल्याण्डबाट ३० हजार २२७ र जर्मनीबाट २४ हजार ७६३ पर्यटक नेपाल घुम्न आएका नेपाल पर्यटन बोर्डले जनाएको छ।

तथ्याङ्कअनुसार गत डिसेम्बरको एक महिनामा मात्र ९८ हजार १९० पर्यटक नेपाल आएका थिए। उक्त महिनामा छिमेकी मुलुक भारतबाट ३० हजार ९३, चीनबाट आठ हजार ६८०, अमेरिकाबाट छ हजार ६०५, बङ्गलादेशबाट चार हजार ९८०, अष्ट्रेलियाबाट चार हजार ४१९, थाइल्याण्डबाट चार हजार २३४, बेलायतबाट तीन हजार ७९३, म्यानमारबाट दुई हजार ७५८ र मलेसियाबाट दुई हजार ४२९ पर्यटक भित्रिएका छन्।

# औषधि व्यवस्था विभागद्वारा औषधि फिर्तासम्बन्धी सूचना जारी

काठमाडौँ, १८ पुस (रासस)। औषधि व्यवस्था विभागले औषधि फिर्ता गर्नेसम्बन्धी सूचना जारी गरेको छ। विभागले अज एक सूचना जारी गर्दै औषधि 'लेभोफक्स-५००' ट्याबलेट फिर्ता गर्न सूचना जारी गरेको हो।

ब्याच नं 'बिबी-२४००१' को औषधि बजारबाट फिर्ता गर्न भनिएको हो। यो औषधि मेग्नस फर्मा प्रालिले उत्पादन गरेको हो। उक्त औषधि ब्याक्टेरिया सङ्क्रमण रोक्नलाई प्रयोग गरिन्छ। विभागले उक्त ब्याच नं उल्लेख भएका औषधिको सिफारिस, बिक्री वितरण तथा प्रयोगसमेत नगर्न र नगराउनु हुन सबैलाई अनुरोध गरेको छ।

राष्ट्रिय औषधि प्रयोगशालाबाट बजारीकृत औषधिको नमुना सङ्कलन गरी परीक्षण गर्दा देहायको उत्पादकबाट उत्पादित ब्याच नं को औषधि न्यून गुणस्तर भएको पाइएकाले औषधि ऐन, २०३५ को दफा १४ बमोजिम बिक्रीवितरण रोक्का गरी उक्त औषधि बजारबाट तुरुन्त फिर्ता गर्न र सोको वितरण विभागमा पेस गर्न सम्बन्धित उद्योग तथा तिनका प्रतिनिधिहरूका जानकारीका लागि विभागले सूचना प्रकाशित गरिएको जनाएको छ।

### *वसपार्कको कार्यबिधी ...*

कार्यबिधी २०८२ त्रुटिपुर्ण रहेको जनाएका छन्। सोही विज्ञप्तिमा यातायात व्यवसायी र यातायात मजदुरको प्रतिनिधी राखेर छलफल तथा कार्यबिधीमा देखिएको त्रुटि सच्याउनु पर्ने माग समेत गरेका छन्।

राजविराज नगरपालिकाले २०८२ साल बैशाख ३१ गते कार्यपालिकाको बैठकबाट स्थानीय सरकार संचालन ऐन २०७४ को दफा १ को उपदफा ७ बमोजिम वसपार्क संचालनका लागी कार्यबिधी जारी गरेको थियो। तर कार्यबिधी ल्याउदा यातायात संचालक र यातायात मजदुरको प्रतिनिधी नराखेको तथा वसपार्क प्रवेश शुल्क, वसपार्किङ्ग शुल्क, शौचालय शुल्क, बुकिङ्ग काउण्टर लगायतका शुल्क मनपरी ढंगले कायम गरिएको माइक्रो व्यवसायीको गुनासो छ।

यस्तै यातायात व्यवसायीसँग कुनै सहमती नगरी वसपार्क संचालनको टेण्डर प्रक्रिया सुरु गरिएकोमा विज्ञप्ती मार्फत असन्तुष्टी व्यक्त गरिएको छ।

लामो समयको प्रतिक्षापछि राजविराज २ को राजदेवी चौकमा सुविधा सम्पन्न वसपार्क निर्माण गरिएको छ। उक्त बसपार्कको २०८२ असोज २५ गते राजविराज नगरपालिकाका कार्यवाहक नगर प्रमुख इसरत परवीनले उदघाटन समेत गरिसकेका छन। तर तीन महिना वित्न लाग्दा पनि उक्त बसपार्कबाट सवारी साधनहरु अझै संचालनमा आउन सकेको छैन।

बसपार्क सम्म पुग्ने बाटो घाटो जीर्ण भएको तथा अव्यवहवारिक शुल्कहरु निर्धारण गरिएको लगायतका कारण देखाई यातायात व्यवसायी त्यहाँबाट सवारी साधन संचालन गर्न मानेका छैनन्। अहिले पनि बजार क्षेत्र कै सडक किनारबाटै यहाँको यातायात संचालन हुँदै आएको छ। जसकारण नगरको सौन्दर्य घट्नुकासाथै ट्राफिकजामको समस्या बढ्दो छ।

### *मधेशका मुख्यमन्त्रीद्वारा...*

सुधार, आवश्यक औषधिको नियमित उपलब्धता, चिकित्सक तथा स्वास्थ्यकर्मीको व्यवस्थापन र प्रशासनिक समन्वयलाई प्रभावकारी बनाउन समेत निर्देशन दिए। उनले सबै मेसु तथा कार्यालय प्रमुखहरूलाई जिम्मेवारीपूर्वक काम गर्दै परिणाममुखी सेवा दिन आग्रह गरे।

बैठकमा जनताको गुनासो, उपचारका क्रममा देखिएका समस्या तथा सेवाको गुणस्तर सुधारका उपायबारे विस्तृत छलफल भएको थियो। प्रदेश सरकार जनताको स्वास्थ्य सेवामा कुनै सम्झौता नगर्ने प्रतिबद्धता व्यक्त गर्दै उनले स्वास्थ्य क्षेत्र सुधार प्रदेश सरकारको प्राथमिकतामा रहेको बताए।

# निर्यात प्रवर्द्धनलाई जोड दिन 'दशौँ निर्यात दिवस' मनाइने

काठमाडौँ, १८ पुस (रासस)। नेपालको आर्थिक विकासमा निर्यात क्षेत्रको महत्त्व जगाउनुका साथै निर्यात प्रवर्द्धनमार्फत मुलुकको आर्थिक विकासलाई सक्षम र सबल बनाउन 'दशौँ निर्यात दिवस' मनाइने भएको छ।

नेपाल निर्यात परिषद्ले शुक्रबार यहाँ पत्रकार सम्मेलन गरी व्यापार तथा निर्यात प्रवर्द्धन केन्द्रको सहकार्यमा यही पुस २० र २१ गते ठमेलको छायाँ सेन्टरमा निर्यात मेला आयोजना गर्न लागिएको जानकारी दिएको हो।

पत्रकार सम्मेलनमा परिषद्का अध्यक्ष नरेशलाल श्रेष्ठले नेपालमा उत्पादित हस्तकला, कृषिलगायत सामाग्रीलाई अन्तरराष्ट्रिय बजारमा निर्यात गर्नुका साथै वैदेशिक मुद्रा आर्जन गरी व्यापार घाटा न्यूनीकरण गर्न निर्यात मेला आयोजना गर्न लागिएको जानकारी दिनुभयो।

नेपालबाट हाल विदेशमा सूर्यमुखी तेल, फलाम, ऊनीको गलैँचा, तयारी पोसाक, जुटका सामग्री, जुस, अलैँची, फेल्ट, पिना, पश्मिना, चाउचाउ, सिमेन्ट, सोयाविन तेल, पाम तेल, छुर्पी, नेपाली कागज, हस्तकलाका सामग्री, चिया, कफीलगायत सामान निर्यात हुँदै आएका परिषद्ले जनाएको छ।

अध्यक्ष श्रेष्ठले युवापुस्तालाई निर्यात, उद्यमशीलता, नवप्रवर्तनतर्फ अकर्षित गर्दै स्वदेशमा रोजगारीको अवसर सिर्जना गर्न यस्ता मेलाले सहयोग पुग्ने विश्वास व्यक्त गर्नुभयो। उहाँले निर्यात पूर्वाधारको अभाव, उच्च यातायात लागत, दक्ष जनशक्तिको कमी, कोल्डस्टोरको अभाव, राजनीतिक अस्थिरता, साना उद्यम र निर्यातकर्तालाई सहुलियत कर्जा तथा वित्तीय सुविधा उपलब्ध नहुँदा निर्यातमा समस्या भएको बताउनुभयो।

त्यस्तै, निर्यातका लागि अन्तरराष्ट्रिय गुणस्तर मापदण्ड पूरा हुन कठिन, उच्च कच्चा पदार्थ र उत्पादन लागत उच्च हुँदा प्रतिस्पर्धा क्षमतामा ह्रास, कर्मचारीतन्त्रमा समन्वयको अभाव, अन्तरराष्ट्रिय व्यापार मेलामा सहभागिता र डिजिटल मार्केटिङको अभावले थप समस्या उत्पन्न हुँदै गएको अध्यक्ष श्रेष्ठले बताउनुभयो।

परिषद्का प्रथम उपाध्यक्ष एवं नेपाल उद्योग वाणिज्य महासङ्घका सदस्य डा रामशरण थपलियाले सरकार र व्यवसायीबीच भएको सम्झौता कार्यान्वयन नहुँदा निर्यात क्षेत्र समस्यामा परेको बताउनुभयो। उहाँले विभिन्न राजनीतिक दलले आफ्नो घोषणापत्रमा निर्यात प्रवर्द्धनको विषयलाई प्राथमिकताका साथ उठाए पनि कार्यान्वयन भने फितलो रहेको धारणा राख्नुभयो। डा थपलियाले नेपालको अर्थतन्त्रको मेरुदण्डका रूपमा रहेको निर्यात क्षेत्रलाई सरकारले उच्च प्राथमिकता राख्नुपर्नेमा जोड दिनुभयो।

व्यापार तथा निर्यात प्रवर्द्धन केन्द्रका व्यापार अधिकृत मीनबहादुर कुँवरले विश्वबजारमा नेपाली सामान पुऱ्याउन निर्यात परिषद्ले खेलेको भूमिका सराहनीय रहेको बताउनुभयो। विदेशमा सामान निर्यातका क्रममा देखिएका झन्झटलाई समाधान गर्नका लागि व्यापार तथा निर्यात प्रवर्द्धन केन्द्रले काम गर्दै आइरहेको उहाँको भनाइ छ।

परिषद्का महासचिव हरि ढकालले स्वास्थ्य, शिक्षा, कृषि, रोजगार र निर्यातलाई प्राथमिकता दिन नसकेसम्म देशको विकास हुन नसक्ने धारणा राख्नुभयो। उहाँले बङ्गलादेशमा ठूलो आन्दोलन हुँदा पनि त्यहाँको सरकारले उद्योग र निर्यात उच्च प्राथमिकता दिएको उल्लेख गर्दै नेपालले पनि उद्योगी र निर्यात व्यवसायीलाई सोहीअनुसारको व्यवहार गर्नुपर्नेमा जोड दिनुभयो।

नेपालबाट आर्थिक वर्ष २०८१/८२ मा रु दुई खर्ब ७७ अर्ब तीन करोड र चालु आवको चार महिनामा रु ९३ अर्ब ५० करोडको सामान विभिन्न मुलुक निर्यात भएको छ।

### *पाँच वर्षमा अवैध ...*

संलग्न भएको, दुई प्रतिशत क्रिप्टो र हुन्डीमा संलग्न रहेको तथा चार प्रतिशतले क्रिप्टो फ्रड अर्थात् अरू व्यक्तिले त्यस्तो कारोबारका लागि प्रेरित गरेको प्रतिवेदनमा उल्लेख छ। बयालिस प्रतिशत भने उनीहरूको कारोबारको अवस्था हेरेर शङ्कामा परेको प्रतिवेदनमा जनाइएको छ। उनीहरूको बैङ्क खातामा पटक-पटक रकम जम्मा गर्ने र झिक्ने गरेको पाइएका कारण शङ्कास्पद कारोबारका रूपमा चित्रित गरिएको प्रतिवेदनमा उल्लेख छ।


हरहर महादेव   जय श्रीराम   ॐ नमः शिवाय



यही मिति २०८२ माघ १ गते माघे मकर संक्रान्तिको पावन अवसरमा राजविराज नगरपालिका वडा नं.-७ स्थित प्राचिन महादेव श्री हरिनन्देश्वर महादेव मन्दिर प्राङ्गणमा भण्डारा''को आयोजना गरिने भएकोले सम्पूर्ण जिल्लाबासी, साधुसन्त महन्थ एवं भक्तजनहरु लाई यस सुखद घडीमा भण्डारामा सहभागी भई प्रसाद ग्रहण गरि गराई दिनु हुन सादर आमन्त्रण गरिन्छ ।

स्थानः
प्राचिन महादेव श्री हरिनन्देश्वर महादेव मन्दिर प्राङ्गण
राजविराज नगरपालिका -७

समय : २०८२/१०/०१ गते बिहीबार ११ बजे देखि ७:०० बजे सम्म


**प्रकाशक** : नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक** : अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक** : दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट** : संजय शंखर, **मुद्रण** : न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५३०७६८ (कार्यालय), **इमेल** : *rajbirajdainik@gmail.com*, **वेबसाइट** : *rajbirajdainik.com.np*